आज मिति २०७६ साल कार्तिक ७ गते बिहिवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | अनुपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| वरिष्ठ ईन्जिनियर | डा. श्री राजु पौडेल | उपस्थित |
| वरिष्ठ आ.ले.प. अधिकृत | श्री कुमार कञ्चन जि.सी. | उपस्थित |
| वरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| उप-सचिव | श्री नगेन्द्र प्रसाद रेग्मी | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१. क्रियापुत्री भवन तथा अन्य सार्वजनिक भवन सञ्चालन कार्यविधि, २०७६ पारित सम्बन्धमा ।
प्रस्ताव नं.२. स्वास्थ्य केन्द्रहरु एकिकरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३. चुनढुङ्ग तथा स्लेटको वातावरण शुल्कको दर संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.४ इट्टा-भट्टा र वन पैदावार उत्पादनलाई करको दायरामा ल्याउने सम्बन्धमा ।
प्रस्ताव नं.५. युवा तथा खेलकूद विकास समितिको सदस्य-सचिव चयन सम्बन्धमा ।
प्रस्ताव नं.६. प्रोत्साहन भत्ता सम्बन्धमा ।
प्रस्ताव नं.७. वार्षिक कार्य योजना सम्बन्धमा ।
प्रस्ताव नं.८. सडक बोर्ड तर्फका योजना सम्बन्धमा ।
प्रस्ताव नं.९. भ्रमण स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०. दलित तथा विपन्न छात्र-छात्राहरुको विवरण संकलन सम्बन्धमा ।
प्रस्ताव नं.११. विभिन्न फुटकर योजना तथा अन्य कार्यक्रमहरुमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१२. सवारी साधन उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्र निर्माण भई सञ्चालनमा आइरहेका सार्वजनिक भवन तथा क्रियापुत्री भवन सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ उपर छलफल गरी संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.१० नयाँवस्तीमा सञ्चालन भइरहेको शहरी स्वास्थ्य केन्द्रलाई व्यास नगरपालिका वडा नं.१० दुम्सीचौर स्थित शहरी स्वास्थ्य केन्द्र रहेको स्थानमा स्थानान्तरण हुने गरी दुवै स्वास्थ्य केन्द्रलाई एकीकरण गरी दुम्सीचौर शहरी स्वास्थ्य केन्द्रको नामबाट सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र उत्पादन हुने प्राकृतिक स्रोत साधन अन्तर्गतका स्लेटढुङ्गा, चुनढुङ्गा र खरीढुङ्गा नगरपालिका क्षेत्र बाहिर जाने अवस्थामा वातावरण शुल्क वापत नगरपालिकाको आर्थिक ऐन, २०७६ को दफा १६ सँग सम्बन्धित अनुसूची-१४ मा प्रति क्यू फिट २।५० (दुई रुपैंयाँ पचास पैसा) का दरले लिने भन्ने व्यवस्था भएकोमा उक्त दरलाई प्रति क्यू फिट ०/५० ( पचास पैसा मात्र) लिने गरी संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका इट्टा-भट्टा र नगर क्षेत्रभित्र उत्पादन हुने वन पैदावार सम्बन्धी उत्पादनमा यस नगरपालिकाको आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था बमोजिम कर लगाई उल्लेखित दुवै क्षेत्रको उत्पादनहरुलाई करको दायरामा ल्याउनको लागि आवश्यक गृहकार्य गरी तत्कालै कर अशुली गर्न राजश्व परामर्श समिति तथा राजश्व उपशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको युवा तथा खेलकूद विकास समितिको सदस्य-सचिवमा उप-सचिव श्री नगेन्द्र प्रसाद रेग्मीलाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको शिक्षा शाखामा दैनिक कार्यको चाप अत्यधिक रहेको हुँदा उक्त शाखाका शाखा प्रमुखलाई कार्यालय समय अतिरिक्त पनि दैनिक रुपमा कामकाजमा लगाउन पर्ने भएको हुँदा निजलाई कार्तिक महिनादेखि लागू हुने गरी मासिक रुपमा रू.९,०००। (नौ हजार रुपैंयाँ) प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो । साथै योजना शाखामा कार्यरत ना.सु. श्री भेषराज तिवारीलाई प्रति महिना रू.५,०००। (पाँच हजार रुपैंयाँ) र लेखा शाखामा कार्यरत वित्त अधिकृत श्री हेमन्त गुरुङ्गलाई रू.६,०००। (छ हजार रुपैंयाँ) र लेखापाल श्री विष्णु खड्का क्षेत्रीलाई रू.५,०००। (पाँच हजार रुपैंयाँ) प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाका विभिन्न शाखाहरुले सम्बन्धित विषयगत समितिहरुको सहभागितामा तयार गरेको वार्षिक कार्ययोजनाहरु बैठकमा पेश भयो । सो सम्बन्धमा सबै शाखाबाट प्राप्त वार्षिक कार्य योजनाहरुको विस्तृत अध्ययन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको लागि चालु आ.व. २०७६/०७७ मा सडक बोर्ड नेपाल तर्फबाट विनियोजन भई आएको रकम मध्येबाट देहाय बमोजिमका योजनाहरु सञ्चालन गर्ने साथै नियमानुसारको लागत सहभागिता यस नगरपालिकाबाट व्यहोर्ने गरी योजना स्वीकृतिका लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १. | व्यास १ का विभिन्न सडक मर्मत योजना | २०,००,०००। | |
| २. | व्यास २ का विभिन्न सडक मर्मत योजना | १७,५५,०००। | |
| ३. | व्यास ३ का विभिन्न सडक मर्मत योजना | १७,५५,०००। | |
| ४. | व्यास ४ का विभिन्न सडक मर्मत योजना | १७,५५,०००। | |

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा साउथ अफ्रिकाको Dorban शहरमा आगामी November 9, 10 र 11 मा आयोजना हुने GPM को बैठकमा GPM का कार्यकारी सदस्य एवं यस नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको सहभागिताको लागि यातायात खर्च यस नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रमा रहेका विद्यालयहरुमा कक्षा १ देखि कक्षा ५ सम्म अध्ययन गरिरहेका दलित तथा विपन्न वर्गका अन्य विद्यार्थीहरुलाई दिवा खाजा व्यवस्थापन सम्बन्धी प्रारम्भिक अध्ययन गर्ने कार्यको लागि स्थानीय स्तरमा रहेका सामुदायिक विद्यालयहरुसँग समन्वय गरी विपन्न वर्गका बालबालिकाहरुलाई बढीमा २०,००,०००।- (विस लाख रुपैंयाँ) मा नबढ्ने गरी प्रस्ताव पेश गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं आवश्यकता प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क.सं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | चौथो आदिवासी जनजाती तनहुँ साँस्कृतिक एवं पर्यटन महोत्सव २०७६ | | २,००,०००। | पर्यटन प्रवर्द्धन |
| २. | व्यास मगर नौमती बाजा समूह, बाजा खरिद | ३ | ५५,०००। | लोक साँस्कृतिक जगेर्ना |
| ३. | तनहुँ राईजिङ्ग स्टार डान्स स्कुल | | २०,०००। | लोक साँस्कृतिक जगेर्ना |
| ४. | कुसुमे खोला सिँचाई योजना (हरि बहादुर थापा) | ९ | १५,६६७। | कृषि तथा सिँचाई |
| ५. | अग्नी पिडित गोमा सुनार | १० | २५,०००। | दैवी प्रकोप राहत |
| ६. | विजुली टावरदेखि बागेचौर हुँदै खरिपानी सडक खण्ड मर्मत सम्भार | ११ | ६०,०००। | विविध फुटकर |
| ७. | प्रविधिमैत्री शिक्षक समाज, तनहुँ | | ५०,०००। | विविध फुटकर |
| ८. | पाध्रा नयाँपुल गोरेटो बाटो | ७ | २,३५,०००। | विविध फुटकर |
| ९. | नाला सरसफाई तथा स्याव मर्मत | ४ | ९०,०००। | विविध फुटकर |
| १०. | लिलबहादुर कामी, शौचालय निर्माण अनुदान | १० | १५,०००। | विविध फुटकर |

| | | | | |
|---|---|---|---|---|
| ११. | आदिकवी भानुभक्त क्याम्पस, विज्ञानचौर सोलार प्रविधिमा आधारित विद्युतीय उपकरण जडान | १ | ५,००,०००। | नवीकरणीय ऊर्जा |
| १२. | विभिन्न सडक मर्मत, सफाई | १२ | ९०,०००। | विविध फुटकर |
| १३. | व्यास शिव पाञ्चायन क्षेत्र निर्माण स्थल व्यवस्थापन | ३ | २,४०,०००। | व्यासको मूर्ती निर्माण अनुदान |
| १४. | साजा टोल विकास अन्तर्गत खानेपानी पाइप खरिद | ६ | ३,५०,०००। | विविध फुटकर |
| १५. | व्यास १० वडा कार्यालय कम्पाउण्ड निर्माण तथा क्यान्टिन निर्माण | १० | ९,५८,०००। | विविध फुटकर |
| १६. | शिशाघाट महिला सशक्तिकरण समाज | ६ | ५०,०००। | महिला विकास |
| १७. | वडा नं. १ को स्वास्थ्य कार्यालय मर्मत संहार | १ | १,३५,०००। | विविध फुटकर |
| १८. | व्यास क्षेत्र विकास समिति, १०८ फुट व्यासको मुर्ति निर्माण स्थल सम्याउने कार्य | ३ | २,३९,०००। | विविध फुटकर |
| १९. | अनन्त युवा क्लव विविध कार्यक्रम | १० | २५,०००। | युवा विकास |
| २०. | म्याग्दे गा.पा.२ निवासी द्वन्द पिडित परिवारका विद्यार्थी श्री रमिला रानाभाट, श्री रश्मी रानाभाट र श्री रञ्जना रानाभाटलाई पठन-पाठन सहयोग | | ३०,०००। | छात्रवृत्ति (जनही रू.१०,०००।- का दरले) |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ स्थित भादगाउँ करादी (खिरखादी) खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यास १, भादगाउँ तनहुँद्वारा खानेपानी आपूर्तिलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि सवारी साधन माग भई आएको हुँदा यस कार्यालयमा लामो समय अगाडिदेखि बिग्री प्रयोगमा नआएको ग१च १७०४ नं. को माज्दा पिकअप गाडी उल्लेखित संस्थाबाट नै आफ्नै खर्चमा हालसम्मको नवीकरण गर्ने तथा मर्मत सम्भार गरी चलाउने र पछि कार्यालयलाई आवश्यक परेको खण्डमा फिर्ता गर्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।